# संवत् २०७८ साल मङ्सिर २ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — १३-१७ डिसेम्बर २०२१मा ईजिप्टमा आयोजना हुने भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्रहरुको नवौं सम्मेलनमा भाग लिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त श्री प्रेम कुमार राई नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने।

२. अर्थ मन्त्रालय —नेपाल चाटर्ड इकाउण्टेन्टस् संस्थाको नवौं परिषद्को पार्षदमा नेपाल सरकारको तर्फबाट बैकुण्ठबहादुर अधिकारी लगायत तीनजनालाई मनोनयन गर्ने।

३. अर्थ मन्त्रालय — विद्युतीय ग्रीड आधुनिकीकरण आयोजनाका लागि एशियाली बिकास बैंकबाट प्राप्त हुने थप सहुलियतपूर्ण ऋण सहायता अमेरिकी डलर ६० मिलियन स्वीकार गर्ने ।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका राजपत्रांकित द्वितीय श्रेणी (प्रा.) का सिनियर डिभिजनल केमिकल ईन्जिनियर श्री चण्डीका प्रसाद भट्टलाई तोक्ने।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — LDC Graduation and Emerging Priorities सम्बन्धी उच्चस्तरीय कार्यक्रममा सहभागी हुनुभएका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री दिनेश भट्टराईको भ्रमण समर्थन गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — विश्व व्यापार संगठनको बाह्रौं मन्त्रीस्तरीय सम्मेलन र 10th China Round Table on WTO Accessions कार्यक्रममा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव दिनेश भट्टराईलाई स्वीकृति दिने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूह रा.प.द्वितीय श्रेणीका सि. डि. ई. दिनेश भट्ट लगायत तीन जनालाई निजामती सेवा ऐन, २०४९ को दफा ९ बमोजिम नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, इरिगेशन उपसमूहको राजपत्राङ्कित प्रथम श्रेणीको सुपरिटेण्डेण्ट इन्जिनियर पदमा बढुवा नियुक्ति गरी ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — २०७८ मंसिर ८-१५ (सन् November २४ देखि December १, 2021) सम्म Morocco मा आयोजना हुने International Executive Council of IEC of ICID सम्मेलनमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री सागर कुमार राईलाई सहभागी हुन स्वीकृति दिने ।

९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — रानी जमरा कुलरिया सिँचाइ आयोजनाको लम्की विस्तार मूल नहरमा परेका छुट तथा मापदण्ड फरक परेका ऐलानी जग्गाको मुआब्जा (राहत) रकम प्रदान गर्न स्वीकृति दिने ।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — आगामी २९ नोभेम्बरदेखि ०१ डिसेम्बर २०२१ सम्म चीनको हङ्गकङ्गमा Hybrid Model (Online and Physical) बाट हुने Asian-African Legal Consultative Organization (AALCO) को ५९ औं वार्षिक सभामा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई भाग लिन स्वीकृति दिने।

११. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — पशु कल्याण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

१२. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — पशु प्रति हुने निर्दयी व्यवहार रोक्नको लागि समिति गठन गर्न स्वीकृति दिने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

१३. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — संक्रामक पशु रोग नियन्त्रण विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

१४. खानेपानी मन्त्रालय —नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, स्यानिटरी उपसमूह, राजपत्रांकित प्रथम श्रेणी, सहसचिव वा सो सरह (सु.ई) पदमा राजेन्द्र सापकोटा र लक्ष्मी प्रसाद उपाध्यायलाई निजामती सेवा ऐन (संशोधन सहित), २०४९ को दफा ९ को उपदफा (१) बमोजिम नियुक्ति दिई खानेपानी मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

१५. गृह मन्त्रालय — प्रहरी (नवौं संशोधन) नियमावली, २०७८ को मस्यौदा उपर लोक सेवा आयोगको परामर्श लिन स्वीकृति दिने ।

१६. गृह मन्त्रालय — विभूषण प्राप्त गर्नुहुने महानुभावहरुको नामावली संशोधन गर्न स्वीकृति दिने।

१७. गृह मन्त्रालय — मानवीय एवं भौतिक रूपमा बढी क्षति भएका १० जिल्लाका ३२ स्थानीय तहको भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने ।

१८. गृह मन्त्रालय — राष्ट्रिय सभा सदस्यको रिक्त पदपुर्तिका लागि २०७८ माघ १२ गते बुधबारका दिन निर्वाचनको मिति तोक्ने ।

१९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय — समाज कल्याण ऐन, २०४९ को दफा ५ (२) बमोजिम समाज कल्याण परिषदमा रिक्त उपाध्यक्ष पदमा मोनिका भट्टराई अधिकारी, भरतपुर-७, चितवन र कोषाध्यक्ष पदमा विनय लामा, धनगढी-१४, कैलाली लगायतका पदाधिकारीहरुलाई मनोनयन गर्ने।

२०. रक्षा मन्त्रालय — नेपाली सेना, साधारण तर्फका प्रमुख सेनानी धिरेन्द्र कुमार थापा समेत नौ प्रमुख सेनानीहरुको अवकाश पूर्व विशेष बढुवा गर्ने ।

२१. रक्षा मन्त्रालय — माननीय रक्षामन्त्री डा. मीनेन्द्र रिजालको नेतृत्वको प्रतिनिधिमण्डललाई दक्षिण कोरियामा हुने 4th UN Peacekeeping Ministerial Meeting मा भाग लिन स्वीकृत दिने ।

२२. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय —नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, राजपत्रांकित द्वितीय श्रेणीका उपसचिव (प्रा.) पदमा कार्यरत डा. भोजराज शर्मा काफ्ले र श्री डिल्लीराम लुईटेललाई निजामती सेवा नियमावली, २०५० को नियम ८४ (१) अनुसार राजपत्रांकित प्रथम श्रेणी, सहसचिव (प्रा.) पदमा बढुवा नियुक्ति दिई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने ।

२३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय —नेपाल शिक्षा सेवा, शिक्षा प्रशासन समूह, राजपत्रांकित द्वितीय श्रेणीका उपसचिव (प्रा.) पदमा कार्यरत श्री दिनेश कुमार श्रेष्ठलाई निजामती सेवा नियमावली, २०५० को नियम ८४ को उपनियम (१) अनुसार राजपत्रांकित प्रथम श्रेणी, सहसचिव (प्रा.) पदमा बढुवा नियुक्ति दिई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने ।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — जिल्ला समन्वय समिति झापाका प्रमुख श्री सोमनाथ पोर्तेल र जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका प्रमुख श्री गोपाल तामाङको वैदेशिक भ्रमण स्वीकृति गर्ने।

२५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — डा. श्याम सुन्दर यादव तीन जनालाई बाह्रौं तहमा बढुवा नियुक्त गर्ने ।

२६. वाढी र डुवानका कारण धानवालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने कार्यविधि, २०७८ स्वीकृत गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

२७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको डुबान क्षेत्रमा परेका ऐलानी जग्गाको क्षतिपर्ति (राहत) रकम दिने ।

२८. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - मोतिपुर-सन्धिखर्क १३२ के.भी. प्रशारण लाइन निर्माणस्थलमा पर्ने जग्गाको क्षतिपूर्ति दिने ।

२९. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय -फुकोट कर्णाली अर्ध जलाशययुक्त जलविद्युत आयोजनाको डुबान क्षेत्रमा पर्ने ऐलानी जग्गाको क्षतिपूर्ति दिने ।

३०. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - मेवा र नलगाड सवस्टेशन निर्माण स्थलमा परेको जग्गा बापत जग्गाधनीलाई क्षतिपूर्ति दिने ।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

## संवत् २०७८ साल मङ्सिर १३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची हेरफेर गर्ने ।

२. अर्थ मन्त्रालय — जापान सरकारबाट प्राप्त हुने आर्थिक वृद्धि तथा उत्थानशिलताका लागि नीतिगत ऋण (The Policy Loan for Economic Growth and Resilience) सम्बन्धी ऋण सहायता सम्झौता गर्न वार्ता टोली गठन गर्ने ।

३. अर्थ मन्त्रालय — निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको सिफारिस गर्न छनौट समिति गठन गर्ने ।

४. अर्थ मन्त्रालय — नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्ति गर्न सिफारिस समिति गठन गर्ने ।

५. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय — निजामती सेवा ऐन, २०४९ को दफा ९ को उपदफा (१) बमोजिम नेपाल ईन्जिनियरिङ सेवा, केमेष्ट्री समूह, राजपत्रांकित प्रथम श्रेणी (प्रा.) सह सचिव वा सो सरहको पदमा सरोज कुमार चौधरीलाई नियुक्त गरी वन तथा वातावरण मन्त्रालय वा अन्तर्गत पदस्थापना गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — निजामती सेवा ऐन, २०४९ को दफा ९ बमोजिम नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइड्रोपावर उपसमूह, रा.प.प्रथम श्रेणी (प्रा.) सुपरिटेण्डिङ इन्जिनियर पदमा गोकर्णराज पन्थलाई नियुक्ति दिई ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय वा अन्तर्गतका निकायमा पदस्थापन गर्ने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय — नेपाल विद्युत प्राधिकरण, चन्द्रौटा प्रशाखा कार्यालय भवन निर्माणका लागि कपिलवस्तु जिल्ला, शिवराज नगरपालिका वडा नं. ५, चन्द्रौटा क्षेत्रमा करिब ७ कठ्ठा जग्गा प्राप्ति गर्ने र खेम नारायण लम्साललाई प्रारम्भिक कारवाही चलाउने अधिकारी तोक्ने ।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय — फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय —बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका अध्यक्ष श्री युवराज सुवेदीलाई आगामी ०१ देखि ०२ डिसेम्बर २०२१ सम्म National Forensic Sciences University Gandhinagar Campus, Gujarat मा आयोजना हुन लागेको On-Campus ICHF International Summit on Humanitarian Forensics २०२१ Post-Pandemic Transformation in Emergency Preaparedness कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने ।

११. कृषि तथा पशुपन्छी विकास मन्त्रालय — कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७८।७९ का लागि नेपाल लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना र सो आयोजना अन्तर्गतका विकेन्द्रीत आयोजना सहयोग ईकाइहरुका लागि वीस (२०) वटा अधिकृतस्तरका पदहरुको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

१२. गृह मन्त्रालय — रुपन्देही जिल्लाको मोतिपुर औद्योगिक करिडोर क्षेत्रमा भएको घटनाका घाइतेहरूको उपचार खर्च उपलब्ध गराउने ।

१३. गृह मन्त्रालय — पुर्नस्थापना पश्चात हाल नेपालमा बाँकी रहेका भुटानी शरणार्थी सम्बन्धी समस्या र समाधानका उपायहरुको प्रतिवेदन उपर छलफल भई निर्णय भएका विकल्पहरु स्वीकृत गर्ने ।

१४. गृह मन्त्रालय — सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१५. गृह मन्त्रालय — तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१६. गृह मन्त्रालय — नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य संचालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

१७. परराष्ट्र मन्त्रालय — मिति २०७८ मंसिर २३ र २४ गते संयुक्त राज्य अमेरिकाका महामहिम राष्ट्रपतिबाट भर्चुअल रुपमा आयोजना हुन लागेको लोकतन्त्र सम्बन्धी शिखर सम्मेलन (Summit for Democracy) मा भाग लिने प्रयोजनका लागि सम्माननीय प्रधानमन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गर्ने।

१८. परराष्ट्र मन्त्रालय — नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय आवासीय संयोजकको कार्यालयबीच Standard Basic Assistance Agreement लागू गर्ने ।

१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय — रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गर्न नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

२०. युवा तथा खेलकुद मन्त्रालय — राष्ट्रिय खेलकुद परिषद्को सदस्य सचिवमा सुनपती-२, रामेछाप निवासी श्री टंकलाल घिसिङलाई नियुक्त गर्ने ।

२१. वन तथा वातावरण मन्त्रालय — नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, रा.प. प्रथम श्रेणीको सह सचिव (प्रा.) वा सो सरहको पदमा विशाल घिमिरेलाई नियुक्ति गरी वन तथा वातावरण मन्त्रालय वा अन्तर्गत पदस्थापन गर्ने।

२२. वन तथा वातावरण मन्त्रालय —मकरी गाड जलविद्युत आयोजनाको ३३ के.भी. प्रसारणलाइनको पोल संरचनाहरु सहित राइट अफ वे निर्माण गर्नका लागि दार्चुला जिल्लाको राष्ट्रिय वन क्षेत्र र अपी नाम्पा संरक्षण क्षेत्रभित्र परेको जम्मा २२ वटा रुखहरु हटाउन र कूलजम्मा ९.५०७ हेक्टर (नौ दशमलव पाँच शून्य सात हेक्टर) जग्गा पच्चीस वर्षसम्मका लागि प्रयोग गर्न दिन स्वीकृति प्रदान गर्ने ।

२३. वन तथा वातावरण मन्त्रालय — बारा जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका-२१ अमलेखगन्जस्थित प्रतिबिद्रोह तथा जंगल वारफेयर शिक्षालयको भवन संरचना विस्तार गर्नका लागि पर्सा राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रभित्र परेका कूलजम्मा २६ (छब्बीस) वटा रुखहरु हटाउन नेपाली सेनालाई स्वीकृति प्रदान गर्ने।

२४. विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय — राष्ट्रिय दलित आयोगको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

द्रष्टब्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरु

२५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय –नेपाल इन्जिनियरिङ सेवा, इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन समुह, राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिव पदमा सिफारिस हुनु भएका श्री गौरव गिरीलाई निजामती सेवा ऐन, २०४९ को दफा ९ को उपदफा (१) बमोजिम स्थायी नियुक्ति दिई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पदस्थापना गर्ने।।

२६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय – चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (सातौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने।

२७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय – रेडियो सञ्चार (लाइसेन्स) (पाँचौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने ।

२८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय – सुशील कोईराला प्रखर क्यान्सर अस्पताल, खजुरा, बाँकेको विभिन्न अधिकृतस्तरको ४१ वटा र कान्ति बाल अस्पताल, महाराजगंजको अधिकृतस्तरको २१ वटा अस्थायी दरबन्दी आ.व. २०७८/७९ का लागि स्वीकृत गर्ने ।।

२९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने ।

३०. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय – श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत सञ्चालित विभिन्न कार्यक्रमका लागि आ.व. २०७८/७९ को लागि ७१५ अधिकृतस्तरका अस्थायी दरबन्दी स्वीकृत गर्ने ।

३१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय –

१. केही दिन अघि अफ्रिकी मुलुकमा देखापरेको कोभिड-१९ को नयाँ भेरियण्ट ओमिक्रोन (Omicron) युरोप तथा एसियालगायतका मुलुकहरूमा क्रमिक रूपमा फैलिँदै गइरहेको सन्दर्भमा नेपालले पनि समयमै सावधानी अपनाई Omicron भेरियण्टलाई मुलुकभित्र प्रवेश हुनबाट रोकथाम गर्न र जनजीवनलाई सामान्य राख्ने उद्देश्यले अर्को आदेश नभएसम्मका लागि देहायअनुसार गर्ने गराउने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकारबमोजिम आदेश जारी गर्ने:

(क) कोभिड-१९ को नयाँ भेरियण्ट Omicron को सङ्क्रमण देखिएका दक्षिण अफ्रिका, बोत्सवाना, जिम्बाब्वे, नामिविया, लेसोथो, इसवाटिनी, मोजाम्बिक, मलावी र हङकङबाट नेपाल आउने वा ती मुलुकलाई ट्रान्जिट बनाई नेपाल आउने वा गएको तीन हप्ताभित्र ती मुलुकको भ्रमण गरेका यात्रुहरूलाई मिति २०७८ मङ्सिर १६ गते राती १२:०० बजेदेखि नेपाल प्रवेश अनुमति नदिने। यो आदेश जारी हुँदाका बखत ट्रान्जिटमा रहेका सम्पूर्ण यात्रुहरू नेपाल आगमनपश्चात् आफ्नै खर्चमा अनिवार्य रूपमा सात दिन होटल क्वारेन्टिन (Quarantine) मा बस्नुपर्ने।

(ख) खण्ड (क) मा लेखिए बाहेकका अन्य मुलुकहरूको हकमा ती मुलुकहरूमा कोभिड-१९ को नयाँ भेरियण्ट Omicron को सङ्क्रमणको अवस्थाको आधारमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जोखिमयुक्त मुलुकको पहिचान गरी सोको जानकारी अध्यागमन विभागलाई उपलब्ध गराउने र अध्यागमन विभागले सोही आधारमा यात्रा सुझाव (travel advisory) जारी गर्ने। सङ्क्रमण जोखिम भएका मुलुकबाट नेपाल भ्रमणमा आउने यात्रुहरूलाई अन अराइभल (On Arrival) भिसा नदिने।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू

(ग) सङ्क्रमण जोखिम भएका मुलुकहरूबाट नेपाल भ्रमण गर्ने यात्रुहरूले आफ्नै खर्चमा अनिवार्य रूपमा सात दिन होटल क्वारेन्टिनमा बस्नुपर्ने। कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रले केन्द्रकै संयोजकत्वमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; गृह मन्त्रालय र सुरक्षा निकायसमेतको प्रतिनिधित्व हुने गरी एक कार्यटोली बनाई होटल क्वारेन्टिनको व्यवस्था गर्ने र सोको अनुगमन गर्ने। क्वारेन्टिन अवधिमा लक्षण देखिएमा तत्कालै र अन्य अवस्थामा सातौं दिनमा आर.टी. पी.सी.आर. (RT-PCR) विधिबाट परीक्षण गर्नुपर्ने। नतिजा पोजेटिभ भएका व्यक्तिहरूलाई तोकिएको आइसोलेसन केन्द्र वा अस्पतालमा पठाइने।

(घ) नेपाल प्रवेश गर्न भिसा आवश्यक पर्ने खण्ड (क) वा (ख) बमोजिमका मुलुक बाहेक अन्य मुलुकका विदेशी नागरिकलाई अध्यागमनसम्बन्धी प्रचलित कानूनबमोजिम अध्यागमन विन्दुमा प्रवेशाज्ञा दिने। त्यस्तो यात्रुले विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८ बमोजिमका अन्य कुराहरू पालन गर्नुपर्ने।

(ङ) कोभिड-१९ को नयाँ भेरियण्ट सङ्क्रमण विस्तार भइरहेको सन्दर्भमा नेपालमा पनि सम्भावित सङ्क्रमण पहिचान गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले पोजेटिभ देखिएका यात्रुहरूमध्ये यात्राको विवरण (Travel History) भएका व्यक्तिहरूको नमूना सङ्कलन गरी जीन सिक्वेन्सिङ (Gene Sequencing) को लागि आवश्यक व्यवस्था मिलाउने र जीन सिक्वेन्सिङद्वारा परीक्षण गर्ने मौजुदा क्षमतालाई बढाउने।

(च) कोभिड-१९ को नयाँ भेरियण्ट सङ्क्रमणको जोखिम भएका मुलुकहरूमा नेपालबाट यात्रा गर्न योजना बनाएका व्यक्तिहरूले अति आवश्यक अवस्था बाहेक विदेश यात्रा नगर्न यात्रा सुझाव (Travel Advisory) जारी गर्ने। खण्ड (क) र (ख) बमोजिमका मुलुकमा नेपाल सरकारको पूर्व स्वीकृतिमा मात्र सरकारी कर्मचारी वा प्रतिनिधिमण्डललाई विदेश भ्रमण जान दिने।

(छ) यस आदेशमा लेखिए बाहेकका अन्य कुराहरू विदेशबाट नेपाल आगमन हुने र नेपालबाट प्रस्थान गर्ने यात्रुहरूको यात्रा व्यवस्थापनसम्बन्धी आदेश, २०७८ बमोजिम हुने।

२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ विरुद्धको खोप सम्बन्धमा स्पष्ट रणनीति बनाउने र नेपाल सरकारबाट सबै नेपालीलाई निःशुल्क रूपमा कोभिड खोप उपलब्ध गराउने प्रतिबद्धता भए अनुरूप प्रतिदिन न्यूनतम २ लाख जनालाई खोप अनिवार्य रूपमा दिलाउने व्यवस्था मिलाउने।

३. प्रकरण १ का आदेशहरू अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने।

३२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - निजामती सेवा ऐन, २०४९ को दफा १८ को उपदफा (२) बमोजिम गठित समितिको सिफारिसमा नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतलाई देहायबमोजिम सरुवा गर्ने–

| क्र.सं. | नाम, थर | साविकको पद र निकाय | सरुवा सिफारिस गरिएको पद र निकाय |
|---|---|---|---|
| १. | श्री महेश्वर न्यौपाने (सङ्केत नं.१५४२६५) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णय

| | | | |
|---|---|---|---|
| २. | डा. रमेशप्रसाद सिंह (सङ्केत नं.१६७४१८) | सचिव, सहरी विकास मन्त्रालय | रा.प. विशिष्ट श्रेणी, अतिरिक्त समूह |
| ३. | श्री यादवप्रसाद कोइराला (सङ्केत नं.१७६०५९) | सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (शिक्षा) |
| ४. | श्री रामप्रसाद थपलिया (सङ्केत नं.१०१९३१) | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (शिक्षा) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५. | श्री सूर्यप्रसाद गौतम (सङ्केत नं.A१३८०८१) | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६. | श्री सुरेश अधिकारी (सङ्केत नं.१४०७५७) | सचिव, निर्वाचन आयोग | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ७. | श्री मणिराम गेलाल (सङ्केत नं.१३९६७५) | सचिव, जल तथा ऊर्जा आयोगको सचिवालय | सचिव, सहरी विकास मन्त्रालय |
| ८. | श्री एकनारायण अर्याल (सङ्केत नं.११९७९४) | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ९. | श्री गोकर्णमणि दुवाडी (सङ्केत नं.१७८८७२) | सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सचिव, निर्वाचन आयोग |
| १०. | श्री भरतमणि सुवेदी (सङ्केत नं.१५५८९१) | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |

## संवत् २०७८ साल मङ्सिर १६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — अदालतको आदेश, निर्णय वा फैसला कार्यान्वयन संयन्त्र गठनको अनुसूची संशोधन गर्ने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — वृद्धिका लागि पोषण सम्मेलन (Nutrition for Growth Summit) मा पेश गर्नुपर्ने नेपालको प्रतिबद्धतामा स्वीकृति प्रदान गर्ने ।

३. अर्थ मन्त्रालय — अन्तर्राष्ट्रिय मुद्रा कोषबाट Extended Credit Facility मार्फत प्राप्त हुने ३९८.८ मिलियन अमेरिकी डलर (करिब रु. ४६ अर्ब २० करोड) बराबर निर्ब्याजी सहुलियतपूर्ण ऋण स्वीकार गर्ने ।

४. अर्थ मन्त्रालय — प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को बहु-प्राविधिक शिक्षालय निर्माणका लागि गणतन्त्र कोरिया सरकारबाट प्राप्त हुने अमेरिकी डलर ८.६ मिलियन (करिब रु.१ अर्ब ३ करोड) अनुदान सहायता स्वीकार गर्ने ।

५. अर्थ मन्त्रालय — मानपुर-९,दाङ जिल्ला निवासी श्री सन्तोष रिजाललाई बीमितहरु मध्येबाट बिमा समितिको सदस्यमा मनोनीत गर्ने।।

६. गृह मन्त्रालय — सार्वजनिक हितको लागि आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

७. गृह मन्त्रालय — नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान निर्माण कार्यको बोलपत्र आह्वान गर्न स्वीकृति दिने।

८. परराष्ट्र मन्त्रालय — आगामी मिति २०७८/०८/१८ र १९ गते अवुधावीमा आयोजना हुने पाँचौं हिन्द महासागर सम्मेलन (5th Indian Ocean Conference) मा नेपालको तर्फबाट परराष्ट्र सचिव श्री भरतराज पौड्याल नेतृत्वको चार सदस्यीय प्रतिनिधि मण्डलले भाग लिन स्वीकृत दिने।

९. रक्षा मन्त्रालय — इलाम जिल्लास्थित श्री पशुपति प्रसाद गणको लागि आवश्यक पर्ने व्यारेक पेरिमिटरसँग जोडिएको स्थानीय व्यक्तिहरूको करिब १६-७-२-१ (१६ रोपनी ७ आना २ पैसा १ दाम ) जग्गा मुआब्जा दिने गरी प्राप्त गर्न स्वीकृति दिने।

१०. वन तथा वातावरण मन्त्रालय — माथिल्लो म्याग्दी-१ जलविद्युत आयोजना (५३.५ मे.वा.) को संरचनाहरु निर्माण गर्नका लागि म्याग्दी जिल्लाको धौलागिरी गाँउपालिका-४ र मालिका गाँउपालिका-७ मा रहेको राष्ट्रिय वन क्षेत्रभित्रका जम्मा १५६ वटा रुखहरु हटाउन र कूलजम्मा ४.८४ हेक्टर (चार दशमलव आठ चार हेक्टर) जग्गा तीस वर्षका लागि प्रयोग गर्न स्वीकृति प्रदान गर्ने ।

११. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय —नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधासम्बन्धी निर्देशिका, २०७८ स्वीकृत गर्ने।

१२. नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम संवत् २०७८ साल मङ्सिर २८ गते मङ्गलबारका दिन १४:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँबानेश्वरमा संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान हुन नेपालको संविधानको धारा ६६ को उपधारा (२) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।

नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयहरू